नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाण्डौं ।

(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्याः-२०८१/८२ | च.नं. ९८५

मिति २०८१।४।२७

विषय - जानकारी सम्वन्धमा ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तरगतका निकायहरु सवै
श्री महानगर/उपमहानगर/नगर/गाउंपालिकाहरु सवै

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. ३५८९ मिति २०८१।४।१८ को पत्रवाट देहाय अनुसार गर्न गराउन लेखि आएको हुदा सोही अनुसार कार्यान्वियन गर्नु गराउनु हुन मिति २०८१।४।२४ को निर्णयानुसार अनुरोध छ ।

क. संघ प्रदेश र स्थानीय तहले सम्पत्ति विवरण वुझाउनु पर्ने दायित्व सम्वन्धमा पर्याप्त जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

ख. राष्ट्रिय कितावखाना ( निजामती, शिक्षक र प्रहरी), प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहले सम्पत्ति विवरण का वन्दी खामहरुको व्यवस्थापन र संरक्षण गर्ने ।

ग. राष्ट्रिय कितावखाना ( निजामती, शिक्षक र प्रहरी) ले सम्पत्ति विवरण फारमलाइ अनलाइन प्रविधि मार्फत प्राप्त गर्ने व्यवस्था मिलाउने ।

घ. अनलाइन सफ्टवेयरमा सम्पत्ति विवरण सम्वन्धि तथ्याङक प्रविष्टि गर्ने कार्यलाइ स्थानीय तहले प्राथमिकता दिने ।

(हरि प्रसाद दाहाल)
शाखा अधिकृत

:::: वोधार्थ ::::
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग
महाशाखा ६, टंगाल, काठमाण्डौ ।
श्री सूचना प्रविधि शाखा
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - वेवसाइटमा अपलोड गरीदिनु हुन ।

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं
(महाशाखा नं. ६)


अत्यन्त जरुरी/गोप्य

पत्र सङ्ख्या :- ६/२०८१-८२(सम्पत्ति विवरण)

चलानी नं. :- ३५८९

मितिः २०८१/०४/१८

*ने.सं. ११४४, दिल्लागा १३ शुक्रबार*

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा आर्थिक वर्ष २०७९/८० को सम्पत्ति विवरण फाराम भरी तोकिएको समय भित्र पेश नगर्ने सार्वजनिक पद धारण गरेका पदाधिकारी/कर्मचारीहरूको विवरण समावेश भएको "सम्पत्ति विवरण अनुगमन प्रतिवेदन (आर्थिक वर्ष २०७९/८०)" राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त भई आयोगको बैठकमा पेश हुँदा सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्थालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न देहाय अनुसार नीतिगत व्यवस्था गर्नका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखि पठाउने भनी आयोगबाट मिति २०८१/०४/०२ मा निर्णय भएकाले उक्त निर्णय कार्यान्वयनका लागि अनुरोध छ।

<u>देहाय</u>

क. संघ, प्रदेश र स्थानीय तहले सम्पत्ति विवरण बुझाउनु पर्ने दायित्व सम्बन्धमा पर्याप्त जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

ख. राष्ट्रिय किताबखाना (निजामती, शिक्षक र प्रहरी), प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहले सम्पत्ति विवरणका बन्दी खामहरूको व्यवस्थापन र संरक्षण गर्ने,

ग. राष्ट्रिय किताबखाना (निजामती, शिक्षक र प्रहरी) ले सम्पत्ति विवरण फारामलाई अनलाईन प्रविधि मार्फत् प्राप्त गर्ने ब्यवस्था मिलाउने,

घ. अनलाईन सफ्टवेयरमा सम्पत्ति विवरण सम्बन्धी तथ्याङ्क प्रविष्टि गर्ने कार्यलाई स्थानीय तहले प्राथमिकता दिने।

२०८१/४/१८

(विष्णुराज बेल्बासे)
उपसचिव

स्थानीय तह क्षमता विकास महाशाखा
दर्ता नं. ९०
मितिः २०८१/४/२१